# बेलबारीको सैनिक ज्यादती सम्बन्धी
# अध्यावधिक स्थलगत अध्ययन प्रतिवेदन ०६३

मानवअधिकार सन्धि अनुगमन समन्वय समिति
०६३ पुस १० गते, ललितपुर

## स्थलगत अध्ययनमा संलग्न टोलीको नामावली

१. बाबुराम विश्वकर्मा, इन्सेक मध्यमाञ्चल क्षेत्रीय कार्यालय

२. भुवन अधिकारी, इन्सेक पूर्वाञ्चल क्षेत्रीय कार्यालय

३. नारायण अधिकारी, इन्हुरेड इन्टरनेशनल

४. शर्मिला सुवेदी, पपुलेशन वाच्

**घटना भएको मितिः** ०६३ बैशाख १२ र १३ गते

**अध्ययन गरिएको स्थानः** बेलबारी र विराटनगर

**अध्ययन गरिएको मितिः** ०६३ मंसिर २९ गतेदेखि पुस ३ गतेसम्म

# प्राक्कथन

मोरङको बेलबारी गाविस -३ मा डेरा गरी बस्ने २२ वर्षीय सपना गुरुङको बैशाख १२ गते भएको हत्या र सो हत्यामा संलग्न बेलबारी संयुक्त सुरक्षा बेसक्याम्पका विरुद्ध उत्रिएको जनसमुदायमाथि बैशाख १३ गते सेनाले अन्धाधुन्ध गोली प्रहार गर्दा ६ जना मारिएको, १४ जना गम्भीर घाइते र २६ जना साधारण घाइते भएका थिए ।

सपना गुरुङको हत्याको विरोधमा उत्रिएको स्थानीय जनसमूहमा माओवादी भएकोले आफ्नो बचाउका लागि गोली प्रहार गर्दा बेलबारी घटना भएको सुरक्षा निकायको दाबी थियो । तर, यो दाबीलाई सेनाको गोली लागेर घाइते भएका र मारिएका मानिसको पहिचानले नै खण्डन गरेको थियो । सेनाको गोली लागेर घाइते भएका र मारिएकामध्ये एक जना पनि माओवादी कार्यकर्ता थिएनन् । यस बारेमा मानवअधिकर सन्धि अनुगमन समन्वय समितिले घटना भएलगतै स्थलगत अध्ययन गरी प्रतिवेदन सार्वजनिक गरेको थियो । समितिको प्रतिवेदनले घटनाका जिम्मेवार र दोषीलाई प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनका आधारमा दण्डित गरिनु पर्ने र पीडितलाई न्याय तथा क्षतिपूर्तिको व्यवस्था गरिनु पर्नेमा जोड दिएको थियो । त्यतिबेला मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको प्रतिवेदनले यस घटनाको निष्पक्ष छानविनका लागि मानवअधिकारकर्मी समेतको संलग्नतामा उच्चस्तरीय छानविन टोली गठन गरिनु पर्ने आवश्यकता औंल्याएको थियो ।

सात राजनीतिक दलको अगुवाईमा भएको लोकतान्त्रिक जनआन्दोलनले प्रतिनिधिसभाको पुनःस्थापना गरेपछि संसदले बेलबारी घटनाबारे छानविन गर्न सांसद परि थापाको संयोजकत्वमा उच्चस्तरीय छानविन समिति गठन गऱ्यो । सो समितिले बेलबारी घटनाको बारेमा अझै अध्ययन गरिरहेको र निकट भविष्यमा सरकार र अरु सरोकारवालालाई प्रतिवेदन बुझाउने जनाएको छ । यस पृष्ठभूमिमा मानवअधिकार सन्धि अनुगमन समन्वय समितिले घटनाको पछिल्लो अवस्थाको बारेमा थप अध्ययन गरी प्रतिवेदन सबैका सामु प्रस्तुत गर्नु पर्ने आवश्यकता ठानेर फलोअप स्थलगत टोली गठन गऱ्यो । टोलीले ०६३ मंसिर २९ देखि पुस ३ गतेसम्म घटना बारे थप स्थलगत अध्ययन गरेको थियो ।

खासगरी शाही शासनकालमा सुरक्षा निकायबाट बढ्दो रुपमा मानवअधिकार उल्लंघन भएको र एउटा उल्लंघनले अर्को मानवअधिकार उल्लंघनलाई ओझेलमा पारिरहेको थियो । निश्चय नै यो सम्पूर्ण मानवता र मानवअधिकारका पक्षधरका लागि गम्भीर चिन्ता र चासोको बिषय बनेको थियो । यस चिन्ताको समाप्तीका लागि मानवअधिकार उल्लंघनलाई रोक्न, उल्लंघनकर्तालाई दण्डित गर्न र पीडितलाई उचित न्यायको प्रत्यभूति दिलाउन सबै क्षेत्रबाट निष्पक्ष, इमान्दार र सक्रिय पहल गर्नु पर्ने आवश्यकता अझै समाप्त भएको छैन । यतिबेलाको नेपालमा दण्डहीनता एउटा भयानक समस्याको रुपमा प्रकट भएको हुनाले पनि उक्त आवश्यकतालाई औचित्यपूर्ण तुल्याएको अध्ययन टोलीको ठहर छ ।

मानवअधिकार सन्धि अनुगमन समवन्य समितिको यो फलोअप स्थलगत अध्ययनलाई प्रमाण संकलन गर्न सहयोग पुऱ्याउने बेलबारीका पीडित, घाइते, प्रत्यक्षदर्शी, नागरिक समाज, स्थानीय मानवअधिकारकर्मी, सुरक्षा निकाय र प्रशासनका अधिकारीप्रति हार्दिक आभार प्रकट गर्दछौ ।

# सारांश

बैशाख १२ गते सेनाद्वारा हत्या गरिएकी बेलबारी गाविस ३ निवासी २२ वर्षीय सपना गरुङलाई बलात्कार गरिएको रोनाष्टले गरेको परीक्षणबाट देखिएको छ । सपनाको हत्या भएलगतै धरानस्थित वीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानले सपनाको डीएनए परीक्षणका लागि रोनाष्टलाई पठाएको थियो । *(हेर्नुहोस्: सेनाद्वारा मोरङमा गरिएको ज्यादती सम्बन्धी स्थलगत अध्ययन प्रतिवेदन २०६३, मानवअधिकार सन्धि अनुगमन समन्वय समिति)* यद्यपी रोनाष्टले यसबारे परीक्षण प्रतिवेदन सार्वजनिक गरेको छैन् । सपनाको हत्याअघि उनलाई बलात्कार गरिएको प्रमाणित भएका कारण बलात्कारी पहिचान गर्न संसदीय समितिको पहलमा ६९ जना सेना र शंकाको घेरामा परेका थप २ जना सर्वसाधरणको रगत परीक्षणका लागि भारतको कोलकात्ता पठाइएको पाइयो । विराटनगरस्थित कोशी अञ्चल अस्पतालमा बेलबारी सैनिक आधारशिविरका तत्कालीन क्याप्टेन प्रल्लाद थापा सहित त्यहाँ रहेका सेना र बेलबारी कै २ जना जनसधारणको रगत परीक्षणका लागि कोलकाता पठाइएको हो । यो परीक्षणबाट सपनालाई बलात्कार गर्ने व्यक्तिको पहिचान हुने विश्वास गरिएको छ ।

सपना गुरुङ्गको हत्याको विरोधमा उत्रिएका बेलबारीका बासिन्दाहरूमाथि सहसेनानी प्रल्लाद थापाको नेतृत्व रहेका सेनाले ०६३ बैशाख १४ अपरान्ह ३: बजे अन्धाधुन्दा गोली चलाउँदा ६ जना सर्वसाधारणको हत्या भएको थियो । हत्या भएका ६ जनाको परिवारले जिल्ला प्रशासन कार्यालय मोरङबाट तत्कालै किरिया खर्च बापत प्रतिव्यक्ति रू. १० हजार पाएको र सेनाको इटहरी पृतना कार्यालयले प्रतिपरिवार ५० हजार रुपैयाँ प्रारम्भिक राहत प्रदान गरिएको पाइयो ।

सेनाको गोलीबाट गम्भीर घाइते भएका १४ जनाले अङ्गभङ्ग र अपाङ्ग अवस्थामा अहिले पनि उपचार गराइरहेको पाइयो । बाँकी अरु २६ जना घाइतेमध्ये ४ जनाको शरीरका विभिन्न भागमा अझै गोली रहेको छ । त्यसमध्ये केहीको गोली निकाल्न अत्याधिक खर्च हुने र धरानबाट नसकिने भएकाले पीडितको अवस्था नाजुक रहेको देखियो ।

बेलबारी घटनाको छानविन गर्न ०६३ बैशाख १४ गते सेनाका २ नम्बर बाहिनी हिलेका बाहिनी पति सहायक रथी पवन पाण्डेको संयोजकत्वमा गठित समितिले प्रतिवेदन सार्वजनिक गरेको छैन् । सेनाद्वारा घटना भएलगतै निलम्बन गरिएका क्याप्टेन प्रल्लाद थापा लगायतका केही सैनिकको निलम्बन अझै फुकुवा भएको छैन् । उता घटनाका जिम्मेवार तत्कालीन सेनाका इटहरी पृतनापति ओम पुनको अन्यत्र सरुवा गरिएको पाईयो । घटनाका दोषीहरू उपर कारवाहीको प्रक्रिया अगाडि नबढाईएको पाईयो ।

यस घटनामा जिम्मेवार ठानिएकामध्ये जिल्ला प्रशासन कार्यालय मोरङका प्रमुख जिल्ला अधिकारी नरेन्द्र दाहाल र प्रहरी नायब निरीक्षक जगत विष्टलाई कुनै कारवाही भएको छैन् । उनीहरूको कपिलवस्तु सरुवा भएको छ ।

# Summary

It has been found that Sapana Gurung, 22, resident of Belbari-3 of Morang, who was killed by army personnel on April 25, 2006, was raped as an experiment carried out by RONAST. BP Health Science Foundation at Dharan had handed over her Blood sample to RONAST for DNA experiment recently after her death. RONAST has, however not yet disclosed the experiment report. It was found, in an effort of Parliamentary Committee, that the blood sample from 69 army personnel including then Captain of Belbari Base Camp Prallad Thapa and two suspected civilians of the Belbari itself has been sent to Kolkata, India for the experiment. It is carried out to identify the rapist when her death was proved to have due to the rape. It is hoped that the rapist, who raped Sapana Gurung, will be identified through this experiment.

An Army man under the leadership of Captain Prallad Thapa had shot indiscriminately to death of six civilians on April 27 at around 3 pm to the local residents of Belbari who gathered to protest Sapana's murder. It was found that the each family of the six deceased member received RS 10,000 from District Administration Office, Morang for funeral rites recently after their death and Rs 50,000 from Army Regional Headquarter, Itahari.

It was found that 14 victims, seriously injured by the bullet, are still undergoing treatment in disabled or mutilated situation. Among remaining those out of 26 victims, 4 injured persons still contain bullet in different parts of their organs. Victims' situation is very serious since it is very expensive to take the bullet out from their bodies and can not be taken out the Bullet in the hospital at Dharan.

The investigation committee formed by the Army Administration on April 27 to investigate the Belbari incident, headed by Sub Lieutenant General Pawan Pandey, has not yet made the report public. Captain Prallad Thapa and some other army personnel were suspended recently after the incident. It is reported that their suspension has not yet been revoked. Meanwhile, the then responsible army chief of the incident at Itahari has been transferred to another place. No any further process carried out against them.

Chief of District Administration Office, Morang Narendra Dahal and SSP Jagat Bista, among those accused responsible for the incident, have not yet been punished. They have rather been transferred to Kapilbastu.

# घटनाको पछिल्लो अध्यावधिक विवरण

बेलबारी घटनमा *(हेर्नुहोस् अघिल्लो प्रतिवेदनको पूर्ण विवरण: सेनाद्वारा मोरङमा गरिएको ज्यादती सम्बन्धी स्थलगत अध्ययन प्रतिवेदन २०६३, मानवअधिकार सन्धि अनुगमन समन्वय समिति)* मानवअधिकारको उल्लंघन भएको राज्यले ठहर गरी पीडित पक्षलाई सामान्य क्षतिपूर्ति उपलब्ध गराएर उच्चस्तरीय संसदीय छानविन समिति गठन गरेको परिप्रेक्ष्यमा पीडित पक्षले उचित क्षतिपूर्ति नपाएको स्थलगत अध्ययनले देखाएको छ । स्थानीय नागरिक समाजले बेलाबारी घटनाको विवरण अध्यावधिक गरेको पाइयो ।

संसदीय छानविन समितीले चार पटकसम्म स्थलगत अध्ययन गरेर घटनापछि पूर्ण विवरण संकलन गरे पनि प्रतिवेदन भने सार्वजनिक गरेको छैन । खास गरी बेलबारी ज्यादतीका गम्भीर घाइते र समान्य घाइते उपचार, न्याय र क्षतिपूर्तिका लागि सरकारी अधिकारीसमक्ष पटक पटक धाएको पाइयो । तर पनि सरकारी अधिकारी र जिम्मेवार निकायबाट पीडितको पीडालाई सही ढंगले आत्मसात गरेको देखिदैंन । यस बारे मोरङका प्रमुख जिल्ला अधिकारी मोदराज डोटेलले आफूहरूसँग कुनै अधिकार नभएको र संसदीय समितिलाई सहयोग पुऱ्याएको अध्ययन टोलीसँग बताउनु भयो ।

संसदीय समितिको पहलमा लोकतान्त्रिक सरकारले बेलबारीका १४ जना गम्भीर घाइतेमध्ये १० जनालाई उपचार सहायताका लागि प्रतिव्यक्ति ७५ हजार रुपैयाँ उपलब्ध गराएको देखिन्छ । तर गम्भीरमध्ये बाँकी ४ जना घाइतेले पनि सो सहायता पाउन नसकेका कारण घाइतेहरूमा घोर निराशा बढेको पाइयो ।

यसअघि घटना भएलगतै जिल्ला प्रशासन कार्यालयले बेलबारीमा मारिएका ७ जनालाई किरिया खर्च बापत प्रतिपरिवारलाई १० हजार र सेनाको इटहरी पृतना कार्यालयले ५० हजार रुपैयाका दरले राहत दिएको पाइयो । घटनाका घाइतेको उपचार खर्च धरानस्थित वी. पी. मेमोरियल स्वास्थ्य विज्ञान प्रतिष्ठान स्वंयले व्यहोरेको छ । सेनाले बेलबारीका घाइतेको उपचारका लागि प्रतिष्ठानलाई उपाचार खर्च बापत १ लाख पचास हजार रुपैयाँमात्र दिएको छ ।

खासगरी बेलबारीका १४ जना घाइतेहरू उपचार खर्चको कमीका कारण अंगभंग, अपाङ्ग, भएको देखिन्छ । र, पूर्ण स्वस्थ हुन सकेको देखिएन । अझ केही घाइतेको शरीरमा रहेका गोली र छर्रा अझै निकालिएको छैन् । बेलबारी घटनापछि सपना गुरुङको परिवार विस्थापित भएको छ ।

घटनाको बारेका छानविन गरी यर्थाथ प्रतिवेदन तयारी गर्ने जिम्मा पाएको संसदीय छानविन समितिको काममा तादारुकता नभएको पीडितको गुनासो छ । धेरैले संसदीय समितिको प्रतिवेदन सार्वजनिक भएपछि पीडक दण्डित हुने, पीडितले न्याय र क्षतिपूर्ति पाउने तथा घाइतेको उपचार प्रक्रियाले गति लिने अपेक्षा स्थानीय स्तरमा रहेको छ । यो पक्षलाई संसदीय समितिले आत्मसात् गर्न जरुरी छ ।

### बेलबारीका गम्भीर घाइतेको पछिल्लो स्थिति

बेलबारी गाविस-२ का २३ वर्षीय द्रोण श्रेष्ठको दाहिने खुट्टामा गोली लागेको थियो । उनी अहिले पनि सामान्य हिंडडुल गर्न सक्दैनन् । सामान्य औषधी व्यवसाय गर्ने पीडित श्रेष्ठको उपचार गर्न लामो समय र धेरै खर्च लाग्ने चिकित्सकले बताए ।

बेलबारी गाविस-२ का ३२ वर्षीय फिरोज खाँको दाहिने तिघ्रामा गोली लागेको थियो । उनी अझै थलिएका छन् । खर्चको अभावका कारण प्रभावकारी उपचार हुन सकेको छैन् ।

इन्द्रपुर गाविस- ७ का ४९ वर्षीय रामजनम कुँवर दनुवारको दाहिने काखीमा गोली लागी हात अपाङग भएको पाइयो ।

बेलवारी गाविस -४ का ५२ वर्षीय गणेशप्रसाद दाहालको दाहिने पिडुंलामा गोली लागी हाड फुटेका कारण नचल्ने भएको छ ।

सुन्दरपुर गाविस -१ का ४७ वर्षीय रणबहादुर श्रेष्ठको दाहिने पिँडुलामा गोली लागी हाड टुक्राटुक्रा भएको पाइयो ।

बेलवारी गाविस -१ का २२ वर्षीय सन्तोष मगरको दाहिने पिंडुलामा गोली लागी हाड टुक्राटुक्रा भएको थियो । उनको वैशाखीको सहारामा हिडडुल गर्नुपर्ने स्थिति रहेको छ ।

बेलबारी गाविस -४ का ४० वर्षीय गोपालचन्द्र गौतमको देब्रे गालामा गोली लागी दाँत र कन्चट क्षतविक्षत भएको थियो । उनी निदाउँदा आँखा खुलै रहने र कान नसुन्ने भएका छन् ।

केराबारी गाविस -४ का २८ वर्षीय सुवास लिम्बुको दाहिने खुट्टामा गोली लागेको थियो । उनी अहिले वैशाखी टेकेर हिडडुल गरिहेका छन् । भूमिहिन मजदूर लिम्बुको उपचारका लागि धेरै समय लाग्ने जनाइएको छ ।

केरावारी गाविस -९ का ३५ वर्षीय टंकबहादुर गुरुङलाई देब्रे घुँडामा गोली लागी घुडाको पाङ्ग्रा काम नलाग्ने अवस्थामा रहेको पाइयो । निम्नमध्यम वर्गीय गुरुङको घुडाको पाङ्ग्राको उपचार गर्न २० लाख रुपैया लाग्ने बताइएको छ ।

इन्द्रपुर गाविस -७ का ३२ वर्षीय दीपक दाहाललाई पेटमा तीनओटा गोली लागेको पाइयो । गरिब किसान परिवारका दाहालको उपचारको लागि लामो समय लाग्ने भएको छ ।

बेलबारीका १४ जना गम्भीर घाइतेमध्येको सबैको अवस्था नाजुक रहेको र तिनको उपचारमा लामो समय लाग्ने बताइएको छ ।

## उपचार सुविधाबाट बञ्चित तर गम्भीर घाइते

बेलबारी गाविस -२ का २९ वर्षीय सन्तोष श्रेष्ठको देब्रे पातोमा गोली लागेको थियो । रिक्सा चलाएर परिवारको दैनिक गर्जो टार्ने श्रेष्ठको उपचारमा अझै लामो समय लाग्ने भएको छ । उनी घाइते भएका कारण उनको परिवारले कष्ट झेलेको पाइयो । बेलबारी गाविस -९ का वर्षीय १८ का प्रकाश कोइरालको देब्रे तिघ्रामा गोली लागी घुँडा फ्याक्चर भएको छ । उनी वैशाखीको सहायताले सामान्य हिँडडुल गर्न थालेका छन् ।

बेलबारी गाविस - ४ का विकलाङ यमकुमारी दाहालको दाहिने तिघ्रामा गोली लागेको थियो । उनको पनि उपचारमा अझै लामो समय लाग्ने देखिन्छ । घाइतेको आर्थिक स्थिति कमजोर भएका कारण नियमित ओषधी उपचार गर्न असमर्थ रहेको पाइयो ।

बेलबारी- ६ का ४९ वर्षीय बद्रि आचार्यको देब्रे पिठयूबाट गोली लागी छातीबाट निक्लिएका कारण फोक्सोमा घाउ भएको पाइयो ।

संसदीय समितिले गम्भीर घाइते भएका सन्तोष श्रेष्ठ, यमकुमारी दहाल, रामजनम कुँवर र बद्री आर्चायलाई गम्भीर घाइतेको सूचिमा नराखेका कारण उनीहरू ७५ हजार रुपैया पाउनेमा परेका छैन् । तर पीडित, तिनको परिवार र स्थानीय नागरिक समाजले भने १० जना गम्भीर घाइते सरह उनीहरूले पनि उपचार खर्च पाउनु पर्ने जिकिर गरेको पाइयो ।

**बेलबारी घटनामा मारिएकाहरू**

| क्र.सं. | मृतकको नाम | ठेगाना |
|---|---|---|
| १. | छत्रबहादुर परियार | इन्द्रपुर -२ |
| २. | फुर्वा लामा | इन्द्रपुर -३ |
| ३. | प्रभुनारायण भट्टराई | इन्द्रपुर -४ |
| ४. | टेकनारायण चौधरी | मृगौलिया-८ |
| ५. | सुनिता ऋषिदेव | बेलबारी -३ |
| ६. | प्रसाद गुरुङ्ग | बेलबारी -२ |
| ७. | सपना गुरुङ्ग | बेलबारी २ |

**बेलबारीका सामान्य घाइतेको विवरण तालिकामा**

| क्र.सं | नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | किसनदेव शर्मा | डागिहाट-४ | घाँटीमा गोली रहेको |
| २. | तारा घिमिरे | इन्द्रपुर -८ | |
| ३. | भरत विश्वकर्मा | इन्द्रपुर-६ | शरीरमा गोली रहेको |
| ४. | सतुकुमार मण्डल | इन्द्रपुर-५ | |
| ५ | गीता अधिकारी | इन्द्रपुर | |
| ६. | विनोद रेग्मी | इन्द्रपुर | |
| ७. | रुद्र दर्नाल | इन्द्रपुर -८ | |
| ८् | पूर्ण शिवाकोटी | इन्द्रपुर -४ | |

| | | | |
|---|---|---|---|
| ९. | पुष्कर कोइराला | मृगौलिया | |
| १०. | बलराम रिमाल | मृगौलिया -६ | हात बिग्रेको |
| ११. | भ्याण्टे तामाङ | काने पोखरि | |
| १२. | अनिलकुमार न्यौपाने | इटहरा-६ | |
| १३. | डोमिनिक उरान | केराबारी-२ | |
| १४. | गोविन्द दर्जी | केराबारी-९ | शरीरमा गोली भएको |
| १४. | बब्लु शाह | बेलबारी-२ | |
| १५. | किर्तन राई | बेलबारी-२ | |
| १६ . | निशान राई | बेलाबारी-२ | |
| १७. | दिपेन्द्र बि्शङखे | बेलबारी-२ | |
| १८. | सुरेन्द्र दाहाल | बेलाबारी-२ | |
| १९. | हेमसागर ढकाल | बेलबारि-३ | टाउकोमा छर्रा |
| २१. | सन्तोष लिम्बु | बेलाबारी-३ | शरीरमा छर्रा |
| २२. | पुष्प भटराई | बेलबारी-३ | टाउकोमा समस्या |
| २३. | कृष्णकुमार लिम्बु | बेलबारी -४ | |
| २४. | सुवास कँडेल | बेलबारी-४ | |
| २६. | युवराज राई | बेलबारी-४ | |

## घटनाका सरोकारवालाको भनाई

**अमित ऋषिदेव, मृतक सुनिता ऋषिदेवका दाजु**

पैसा ६ जना परिवारलाई दियो । सपना गुरुङको पविारलाई ५० हजार दियो । १० जना घाइतेलाई पैसा दियो । यो आर्मिले देको , सरकारले दिने बेग्लै हुन्छ । सबै कुरा डी पी सरले गर्नुहुन्छ । घरमा आएर पैसा दियो । थुप्रै मान्छे बुझ्नलाई आए ।

**डीपी राई, स्थानीय नागरिक समाजका अगुवा,**

हामीलाई अनौपचारिक जानकारी भएअनुसार संसदीय समितिले मृतकका परिवारलाई १० लाख, घाइतेलाई ६ लाख दिने बुझिएको छ । घाइतेलाई ३ भागमा वर्गीकरण गरी क श्रेणीकालाई ६ लाख, ख श्रेणीलाई ७५ हजार ग श्रेणीकालाई ३५ हजारका दरले दिने बुझिन आएको छ । संसदीय समितिको पहलमा सरकारले गम्भीर घाइते १४ जनामध्ये १० जनालाई पहिलो चरणमा उपचारका लागि ७५ हजार उपलब्ध गरायो ।

सपनाको बलात्कार भएको प्रमाणित भएका कारण बलात्कारी पत्ता लगाउन ६९ जना सैनिक र २ जना सर्वसाधारणको डीएनए परिक्षणका लागि कलकत्ता पठाइएको छ । संसदीय समितिले सबै पक्षको बयान लिएको छ र सबैको विश्वास पनि त्यो समितिमाथि ज्यादा रहेको छ । हामी पनि नियमित रुपमा संसदीय समितिको सम्पर्कमा छौ ।

**ज्ञानेन्द्र सुवेदी, राजनीतिक कार्यकर्ता**

रोनाष्टले सपनालाई बलात्कार गरिएको प्रमाण दिएको छ । तर कल्ले गऱ्यो भनेर निकाल्न सकेको छैन । सेनाले तत्कालै उपचारका लागि वीपी अस्पताललाई एक लाख पचास हजार उपलब्ध गराएको छ । छत्र दर्जीको छोरालाई पढाउनका लागि आरसीओले लग्यो । गणेश भटराईका २ जना छोरालाई लग्यो ।

**सांसद हर्कमान तामाङ, मोरङ क्षेत्र ४**

अपराधको अनुसन्धान गर्नु पर्ने भएकाले संसदीय प्रतिवेदन सार्वजनिक गर्न ढिलाई भएको हो । मेलै संसदीय समितिलाई धेरै सहयोग गरे । बेलबारी मेरो क्षेत्र पनि हो । वास्तविक दोषी पत्ता लगाउनै पर्छ । बलात्कार भएको रिपोर्ट आएको छ । कातिक २८ गते रगत परीक्षणका लागी पठाइयो । ३ महिना लाग्छ । घटनामा संलग्न सबै सैनिकलाई इटहरी लगियो । १ जना सेना भागेको थियो । पछि प्रहरीले पक्राउ गरी

बुझाएको छ। एक जना सेनाले बयानको क्रममा गोली हानेको स्विकारेको छ। सपनासँग १२ वर्षीय छलिमाया दनुवार घटना भएको दिन थिइन्। घटनाको भोलिपल्ट नै बेपत्ता भएको पाइयो। उनी त्यसपछि बेपत्ता भएर भारतको सर्कस गएको पाइयो। उनलाई पनि झिकाइयो र बयान लिने काम भयो। घटना हुने रात सपनाले म अलग्गै सुत्छु केटाकेटी अलग्गै सुत भनेको छलिमायाको बयान छ। पृतनापतिदेखि लिएर सिपाहीसम्म सबैको बयान समितिले लिएको छ। ६९ जना सैनिकलाइ हिरासतमा राखिएको छ।

## घटना सम्बन्धमा सेनाको भनाई

### कोषराज घिमिरे, प्रमुख सेनानी, इटहरी पृतना कार्यालय

२ नम्बर बाहिनीपति हिलेका सहायकरथी पवन पाण्डेको संयोजकत्वमा गठित हाम्रो छानविन समितिले जंगी अड्डालाई प्रतिवेदन बुझाएको छ। तर त्यो सार्वजनिक गर्न र कार्यान्वयन गर्न उच्चस्तरीय संसदीय समितिका कारण कठिन भयो। हाम्रो समितिले सपना काण्डमा ११ जनालाई पूर्ण दोषी मानेको छ। र संसदीय छानविन टोलीले त्यो घटनासँग सम्बन्धित हाम्रा सबै जवान र अधिकृतसँग बयान लिएको छ। ६९ जनाको रगत परीक्षण गर्न भारत पठाएको छ। हामीले घटनाका १७ जनालाई पूर्ण दोषी ठानेर पूर्ण थुनुवाको रुपमा राखेका छौं र बाँकीलाई निगरानीमा राखिएको छ। सेनाको यो केसको अन्तिम टुंगो लागोस् भन्ने चाहना छ।

संसदीय समितिले हाम्रो प्रतिवेदनलाई उचित ठहर नगरेको पाइयो। घटना जसले गरेको भए पनि त्यसको नैतिक जिम्मेवारी सेनाको संगठन लिनुपर्छ, त्यसकारण हामी त्यसको जिम्मेवारी लिन्छौ। तत्कालीन पृतनापतिले उमेर हदका कारण  अवकाश पाइसक्नु भएको छ। मेरो जानकारीमा बेलबारीका कमाण्डरदेखि त्यहाँ ड्युटीमा रहेका सबैलाई दोषी ठहर गरेको छ। हाम्रो छानविनले पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन सिफारिश गरेको छ। तर संसदीय समितिका कारण हाम्रो प्रतिवेदन निष्कृय भयो, सार्वजनिक हुन सकेन। संसदीय समितिको निचोडलाई हामी स्वीकार गर्छौं।

घटनाका घाइतेलाई उपचारका लागि हामीले  २०६३ बैशाख २२ गते कुल १ लाख पचास हजार रुपैयाँ वीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई उपलब्ध  गराएका छौ। मृतकका परिवारलाई  जनही ५० हजारका दरले ०६३ बैशाख २५ गते उपलब्ध गराइएको छ।

### निचोड र सिफारिश

स्थलगत अध्ययनका आधारमा बेलबारीमा सेनाले सपना गुरुङलाई कब्जामा लिएर बलात्कार गरी हत्या गरेकोले संयुक्त राष्ट्रसंघीय महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी १९७९, सपना गुरूङ्ग र घटनामा मारिएकाहरूका बालबालिकाको विचल्ली भएकोले बाल अधिकार सम्बन्धी महासन्धिको घोर उल्लंघन भएको छ। सपना प्रकरणबाट बैशाख १३ गते सेनाबाट ६ जना मारिएको र ४० जना घाइते भएबाट मानिसको बाँच्न पाउने नैसर्गिक हकको ठाडो उल्लंघन भएको छ।

तसर्थ सो घटनामा संलग्न भएका सहसेनानी प्रल्लाद थापा मगर, प्रहरी निरीक्षक ज्ञानेन्द्र बस्नेत, इटहरी पृतनाका तत्कालीन पृतनापति ओम पुन, सपना र अरु जनसाधारणको हत्यामा संलग्न सैनिक जवान, बेलबारी काण्डमा मुकदर्शक बनेका मोरङ जिल्ला प्रशासन कार्यालयका तत्कालीन प्रमुख नरेन्द्र दहाल, प्रहरी नायब निरीक्षक जगत बिष्ट समेतलाई मानवअधिकारको मापदण्ड अनुसार न्यायको कठघरामा उभ्याउनु पर्छ र कारवाही गरिनु पर्छ। घटनाका पीडितलाई उनीहरूको अवस्था अनुसार उचित क्षतिपूर्ति दिनुपर्दछ।

घटनाको छानविन गर्नका लागि गठन गरिएको संसदीय समितिले गरेको छानविन प्रतिवेदन यथाशीघ्र सार्वजनिक गरिनुपर्छ।

घटनामा संलग्न भएको आशंकामा बेलबारी सैनिक आधारशिविरका सबै सैनिकलाई सेनाले थुनामा राखेको जानकारी दिइएकाले गैरकानुनी थुना तत्काल रोक्नु पर्छ।